जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए ढुकिँएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक २६१ • २०८३ असार २७ गते शनिवार • 11 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## "लैङ्गिक समानताका लागि सामाजिक जवाफदेहिता परियोजना" ले महिलाहरुको जीवनमा उल्लेखनीय परिवर्तन

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ असार

धनुषा जिल्लाको नगराईन नगरपालिका वडा नं. १ र २ मा सञ्चालन भएको "लैङ्गिक समानताका लागि सामाजिक जवाफदेहिता परियोजना" ले स्थानीय महिलाको जीवनमा उल्लेखनीय परिवर्तन ल्याएको छ।

युरोपियन युनियनको आर्थिक सहयोग, नेपाल सरकारसँगको सहकार्य तथा संयुक्त राष्ट्रसंघ महिला कार्यक्रम (UN Women) को प्राविधिक सहयोगमा "सशक्त महिला, समृद्ध नेपाल" अभियान अन्तर्गत सञ्चालित यस परियोजना प्रो पब्लिक र प्रो. पब्लिकको मातहतमा निड्स नेपाल तथा सुशासन प्रवर्द्धनका लागि युवा संस्थाद्वारा कार्यान्वयन गरिएको हो । यस परियोजनाले गठन गरेको नागरिक सञ्जालले विशेषगरी महिलाहरूलाई आफ्नो हक-अधिकारबारे सचेत बनाउनुका साथै स्थानीय सरकारसँग प्रत्यक्ष संवाद गर्ने आत्मविश्वास पनि



दिएको छ। नगराईन-२ नागरिक सञ्जालकी अध्यक्ष सुनैना देवी मण्डल भन्छिन्, "पहिले राम्रोसँग बोल्न, प्रश्न सोध्न वा आफ्नो कुरा राख्न निकै डर लाग्थ्यो। दस जनाको अगाडि बोल्न सक्दिनथेँ।

तर सञ्जालमा आबद्ध भएपछि अहिले निर्धक्क भएर आफ्नो अधिकारका विषयमा वडा र पालिकामा कुरा राख्न सक्छु।" संजालले दिएको तालिम र नियमित दुई मासिक बैठकमा महिला अधिकार, दलित तथा पिछाडी पारिएका समुदायको लागि विभिन्न विषयमा छलफल र जान्ने बुझ्ने मौका पाउने गरेका छौं, मण्डलले भनिन् । त्यसैगरी सञ्जालकी सदस्य गीता सदा का अनुसार, पहिले दलित अधिकार, महिलाका लागि उपलब्ध सेवा-सुविधा, बजेट तथा कार्यक्रमबारे कुनै जानकारी थिएन। अहिले भने उनी वडा र पालिकामा पुगेर दलित तथा महिलाका लागि आवश्यक कार्यक्रम, बजेट र सेवाको माग गर्न सक्ने भएकी छन् । नगराईन-१ नागरिक सञ्जालकी अध्यक्ष गिरजा देवी ठाकुर ले पनि परियोजनाले आफूहरूलाई अज्ञानताबाट सचेततनातर्फ डोऱ्याएको बताउँछिन् । उनका अनुसार, "हामीले आफ्नो अधिकारका बारेमा बुझ्न पायौं । अहिले पालिकामा गएर आफ्नो अधिकारका लागि खुलेर आवाज उठाउन सक्छौं ।" परियोजनाले महिलाको क्षमता विकाससँगै स्थानीय सरकार र नागरिकबीचको सम्बन्धलाई पनि थप सुदृढ बनाएको छ ।

वडा नं. १ का अध्यक्ष सिताराम महतो ले सञ्जाललाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै नयाँ आर्थिक वर्षमा क्षमता अभिवृद्धि तथा सीप विकास तालिमका लागि बजेटसमेत विनियोजन गरिएको जानकारी दिएका छन् । नगराईन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुधिर कुमार साह का अनुसार, पहिले बोल्न अप्ठ्यारो मान्ने महिलाहरू अहिले मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षसँग आफ्ना हक-अधिकारका विषयमा खुलेर प्रश्न गर्न थालेका छन्। यसले स्थानीय सरकारलाई पनि थप जिम्मेवार, पारदर्शी र समयमै सेवा प्रवाह गर्न प्रेरित गरेको छ। नगर प्रमुख बिनय यादव ले पनि परियोजनाको प्रभावलाई सकारात्मक रूपमा स्वीकार गर्दै सार्वजनिक सुनुवाइमा महिलाले उठाएका मागलाई आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा समेटिएको बताए। महिलामाथि हुने हिंसा न्यूनीकरण, महिला सशक्तीकरण, सीप विकास, रोजगारी सिर्जना तथा आर्थिक सुदृढीकरणका कार्यक्रमहरू सञ्जालको माग र सार्वजनिक प्रतिबद्धताअनुसार बजेटमा समावेश गरिएको उनले उल्लेख गरे । नगराईनका महिलाहरूको यो परिवर्तनले देखाएको छ कि सही सूचना, अवसर र सामूहिक सहभागिताले समुदायमा ठूलो परिवर्तन सम्भव हुन्छ । एक समय बोल्न हिच्किचाउने महिलाहरू आज आफ्ना अधिकारका लागि निडर भएर आवाज उठाइरहेका छन्, स्थानीय सरकारलाई जवाफदेही बनाइरहेका छन् र विकास प्रक्रियामा सक्रिय साझेदार बनेका छन् ।






## अन्तिम चरणमा मधेश प्रदेश सरकारले बजेट खर्चको गति उल्लेखनीय रूपमा बढाए

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २६ असार



आर्थिक वर्ष २०८२/८३ को अन्तिम चरणमा मधेश प्रदेश सरकारले बजेट खर्चको गति उल्लेखनीय रूपमा बढाएको छ।

असार २५ गतेसम्म प्रदेश सरकारले कुल विनियोजित बजेटको ५६.३१ प्रतिशत खर्च गरेको तथ्यांक सार्वजनिक भएको छ।

अर्थ मन्त्रालयका अनुसार चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको ४६ अर्ब ९८ करोड रुपैयाँमध्ये हालसम्म २६ अर्ब ४६ करोड रुपैयाँ खर्च भएको छ । आर्थिक वर्षको अधिकांश समय सुस्त देखिएको बजेट कार्यान्वयन असार महिनामा भने तीव्र गतिमा अघि बढेको देखिएको हो । खर्च विवरणअनुसार चालु खर्चतर्फ १५ अर्ब ६४ करोड रुपैयाँ बजेट विनियोजन गरिएकोमा ९ अर्ब ४९ करोड रुपैयाँ अर्थात् ६०.६९ प्रतिशत खर्च भएको छ। यस्तै, पुँजीगततर्फ ३१ अर्ब ३४ करोड रुपैयाँमध्ये १६ अर्ब ९७ करोड रुपैयाँ अर्थात् ५४.१२ प्रतिशत बजेट कार्यान्वयन भएको मन्त्रालयले जनाएको छ। तथ्यांकले असार महिनामा खर्चको चाप अत्यधिक बढेको संकेत गरेको छ । जेठ १३ गतेसम्म प्रदेश सरकारले कुल ८ अर्ब ७६ करोड रुपैयाँ अर्थात् १८.६४ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको थियो। त्यसपछि करिब डेढ महिनाको अवधिमा मात्रै थप १७ अर्ब ७० करोड रुपैयाँभन्दा बढी खर्च भएको छ।

यससँगै असार २५ गतेसम्म कुल खर्च २६ अर्ब ४६ करोड रुपैयाँ पुगेको हो । प्रदेश सरकारको बजेट कार्यान्वयनको यो प्रवृत्तिले अधिकांश खर्च आर्थिक वर्षको अन्तिम महिनामा केन्द्रित भएको देखाउँछ।




जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# तिमी पो जल्यौ, जलेनौ?

**- विक्रम तिमिल्सिना**

उनले आफ्नो शरीर हैन
तिम्रो दिमागमा पेट्रोल छर्किन खोजेका थिए
तर तिमी त सुरक्षा घेरामा थियौ !
तिमी बच्यौ
असुरक्षित उनै जले, डढे !

म सोध्न चाहन्छु
बरु तिम्रो मनसम्म पो पुग्यो, पुगेन त्यो आगो?
तिमी पनि जल्दै छौ कि ?
कि एक दिन फेरी सार्वजनिक विदाको तयारी थाल्दैछौ?

याद गर मालिकहरु
एक दिन तिम्रो ठेकेदारी पनि अन्त्य हुनेछ
र जिन्दगी पनि !

त्यसैले
उनको शरीरमा फैलिएको आगोको एक लप्का
तिम्रो दिमागमा पनि लगाऊ
र निभाऊ सम्भावित आगोमा लप्काहरु !

नत्र तिमी पनि एक दिन
यस्तै आगोको लप्काले जल्नु पर्नेछ
जसरी जलेका थिए प्रेम आचार्य
जसरी जलेका थिए उहिले
जनताका मन जलाउनेहरु शासकहरु!

# प्रहरीले दुर्व्यवहार गरेको तथा आफन्तलाई नियन्त्रणमा लिएको आरोप

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २६ असार**




सिरहाको गोलबजार नगरपालिका-११ बलकावामा करिब दुई महिनाअघि भएको कुटपिट घटनामा न्याय नपाएको भन्दै इलाका प्रहरी कार्यालय गोलबजार पुगेका पीडित परिवारले आफूहरूमाथि प्रहरीले दुर्व्यवहार गरेको तथा आफन्तलाई नियन्त्रणमा लिएको आरोप लगाएका छन् ।

यद्यपि, प्रहरीले भने उक्त आरोप अस्वीकार गर्दै कार्यालयमा भएको हो-हल्ला नियन्त्रण गर्नका लागि मात्र एक जनालाई नियन्त्रणमा लिइएको जनाएको छ। पीडित पक्षका अनुसार बाखासम्बन्धी सामान्य विवादबाट सुरु भएको झडपमा समसाद लहेरी, उनकी पत्नी जरिना खातुन तथा रुबो खातुन र कैस खातुनबीच कुटाकुट भएको थियो ।

झगडा छुट्याउन पुगेकी जरिना खातुनसमेत कुटपिटमा परेकी थिइन् । घटनामा श्रीमान-श्रीमती दुवै घाइते भएपछि उनीहरूलाई सुरुमा गोलबजारस्थित एक निजी स्वास्थ्य संस्थामा उपचार गराइएको थियो । अवस्था गम्भीर भएपछि थप उपचारका लागि विराटनगरस्थित न्युरो अस्पताल लगिएको र १२ दिन उपचारपछि घर फर्किएको परिवारले जनाएको छ । घटनापछि वडा कार्यालयदेखि प्रहरी प्रशासनसम्म पटकपटक गुहार्दा पनि हालसम्म न्याय नपाएको पीडित पक्षको गुनासो छ । जरिना खातुनका अनुसार घटनासम्बन्धी निवेदन दिएको करिब दुई महिना बितिसक्दा पनि प्रहरीले कुनै ठोस कारबाही अघि बढाएको छैन । पीडितका अनुसार बिहीबार बिहान करिब ११ बजे छलफलका लागि इलाका प्रहरी कार्यालय गोलबजारमा बोलाइए पनि विपक्षी पक्ष उपस्थित भएन । त्यसपछि आफूहरूलाई मात्र पटकपटक बोलाएर फर्काउने गरिएको भन्दै गुनासो राख्दा प्रहरीले गालीगलौज गर्दै कार्यालयबाट बाहिर निकालेको जरिनाको आरोप छ ।

'हामी न्याय माग्न गएका थियौं । तर, न्याय दिनुको साटो उल्टै अपमान गरियो,' उनले भनिन् । समसाद लहेरीले पनि प्रहरीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै आफूले विरोध जनाएपछि आफ्ना भतिजा अफ्ताव लहेरीलाई प्रहरीले नियन्त्रणमा लिएको दाबी गरे । 'हामी पीडित भएर न्याय खोजिरहेका छौं । तर, हाम्रो कुरा कसैले सुन्न चाहेन,' उनले बताए । घटनाबारे प्रतिक्रिया लिन इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर सुदन केसीसँग सम्पर्क गर्ने प्रयास गर्दा उनी प्रत्यक्ष सम्पर्कमा नआएको र कार्यालयभित्र प्रवेश गर्न नदिन ड्युटीमा रहेका प्रहरीलाई निर्देशन दिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । इता, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले भने पीडित पक्षले लगाएको आरोप अस्वीकार गरेका छन् ।

# जनकपुरधाम-२४ मा सर्वदलीय सहभागितासहित वडा परिषद् सम्पन्न

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २६ असार**



धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२४ मा कार्यवाहक वडा अध्यक्ष शेषनाथ मण्डलको अध्यक्षतामा वडा परिषद् सम्पन्न भएको छ ।

परिषद्मा आगामी आर्थिक वर्षका वडा स्तरीय विकास योजना, बजेट प्राथमिकता तथा स्थानीय आवश्यकताका विषयमा विस्तृत छलफल गरिएको थियो। सहभागीहरूले वडाको समग्र विकासलाई प्रभावकारी, पारदर्शी र जनमुखी बनाउँदै योजनाहरूलाई आवश्यकताका आधारमा कार्यान्वयन गर्न सुझाव दिएका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस वडा नं. २४ का सभापति विशेश्वर प्रसाद शर्मा, जनमत पार्टीका वडा प्रतिनिधि जगदीश महतो, नेकपा एमाले वडा नं. २४ का अध्यक्ष नागेन्द्र ठाकुर, राप्रपाका कामेश्वर मण्डल तथा वरिष्ठ पत्रकार ओमप्रकाश साहको उपस्थिति रहेको थियो ।

वडा सचिव महेन्द्र यादवले स्वागत मन्तव्य व्यक्त गर्दै परिषद्को उद्देश्य, कार्यसूची तथा आगामी योजनाबारे जानकारी गराएका थिए। कार्यक्रममा स्थानीय युवा राजीव महतो, शत्रुघ्न मण्डललगायत स्थानीयवासीको पनि उल्लेखनीय सहभागिता रहेको थियो। परिषद्ले वडाको समग्र विकास, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, सरसफाइ तथा अन्य जनमुखी कार्यक्रमलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्षका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको जनाएको छ ।

**सूचना । सूचना ।। सूचना ।।।**

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं । राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**जनकपुरधाम धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्न
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: लामो यात्राको योग छ
धनु: मित्रतामा फाटो आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# मिटरब्याज पीडितहरूको पैदल यात्रा 'न्याय मार्च' दोस्रो दिन धनुषाको ढल्केबरमा



जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ असार

मिटरब्याजीहरूको शोषण र अत्याचारविरुद्ध न्यायको माग गर्दै जनकपुरधामबाट सुरु भएको मिटरब्याज पीडितहरूको पैदल 'न्याय मार्च' दोस्रो दिन धनुषाको ढल्केबर पुगेको छ ।

सरकारसँग भएका सहमति कार्यान्वयन गराउन दबाब दिने उद्देश्यले सुरु गरिएको यो यात्रा सङ्घीय राजधानी काठमाडौंसम्म पुग्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ । मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपालको आयोजनामा बिहीबार साँझ जनकपुरधामस्थित तिरहुतियागाछीबाट सुरु भएको पदयात्रामा सहभागी पीडितहरू शुक्रबार बिहान ढल्केबर आइपुगेका हुन् । उनीहरू ढल्केबरबाट महेन्द्रनगर हुँदै महोत्तरीको बर्दिबासतर्फ अघि बढिरहेका छन् ।

आयोजकका अनुसार करिब एक सातासम्म निरन्तर पैदल यात्रा गर्दै आन्दोलनकारीहरू काठमाडौं पुग्नेछन् । त्यहाँ पुगेर सरकारसमक्ष मिटरब्याज पीडितसँग विगतमा भएका सहमति तत्काल कार्यान्वयन गर्न माग गर्ने तयारी रहेको छ । आन्दोलनमा सहभागी पीडितहरूले सरकारले यसअघि चार पटकसम्म लिखित सहमति गरे पनि कुनै पनि सहमति व्यवहारमा कार्यान्वयन नगरेको आरोप लगाएका छन् ।

बारम्बारको आश्वासन र सम्झौताले समस्या समाधान नभएपछि बाध्य भएर फेरि सडक संघर्षमा उत्रिनुपरेको उनीहरूको भनाइ छ । उनीहरूका अनुसार साहु-महाजनबाट लिइएको ऋणको नाममा अत्यधिक ब्याज, जग्गा-जमिन कब्जा र आर्थिक शोषणको चपेटामा परेका किसान तथा मजदुर अझै न्यायको पर्खाइमा छन् । सरकारसँग भएका प्रतिबद्धता कार्यान्वयन नभएसम्म आन्दोलन जारी रहने उनीहरूले चेतावनी दिएका छन् ।

मिटरब्याज पीडितहरूले आफ्नो पदयात्रालाई विरोधको कार्यक्रम नभई न्याय, सम्मान र राज्यबाट प्राप्त हुनुपर्ने अधिकारको खोजीका रूपमा लिएको बताएका छन् । उनीहरूले काठमाडौं पुगेर सम्बन्धित निकायलाई पुनः ध्यानाकर्षण गराउँदै पीडितको समस्या स्थायी रूपमा समाधान गर्न माग गर्ने जनाएका छन् ।

# खाद्य गुणस्तर र सरसफाइ सम्बन्धी अर्को गुनासो सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ असार

जनकपुरधामको पिडारी चोकस्थित The Burger House & Crunchy Fried Chicken मा खाद्य गुणस्तर र सरसफाइ सम्बन्धी अर्को गुनासो सार्वजनिक भएको छ । एक ग्राहकले आफूले खरिद गरेको स्यान्डविचभित्र कपाल फेला परेको दाबी गरेपछि होटलको खाद्य सुरक्षा व्यवस्थामाथि पुनः प्रश्न उठेको हो । पीडित ग्राहकका अनुसार स्यान्डविचको स्वाद र बनावट अस्वभाविक लागेपछि खोलेर हेर्दा त्यसभित्र कपाल भेटिएको थियो ।

उनका अनुसार बर्गर, स्यान्डविचलगायतका प्याक गरिएका खाद्य परिकार धेरैजसो उपभोक्ताले नखोली खाने भएकाले यस्ता समस्या सबै घटनामा सार्वजनिक नहुन सक्ने अवस्था रहेको छ । ग्राहकले घटनापछि होटल व्यवस्थापनसमक्ष गुनासो राखे पनि अपेक्षित जिम्मेवारी नदेखाएको आरोप लगाएका छन् । उनका अनुसार व्यवस्थापनले न त औपचारिक रूपमा क्षमायाचना गर्‍यो, न परिकारको रकम फिर्ता गर्‍यो वा नयाँ परिकार उपलब्ध गरायो । बरु सोही स्यान्डविचमा १० प्रतिशत छुट दिई बाँकी रकम भने असुलेको ग्राहकको भनाइ छ ।



घटनापछि स्थानीय उपभोक्ताले खाद्य सामग्रीको तयारी, भण्डारण तथा बिक्री प्रक्रियामा सरसफाइका मापदण्ड कडाइका साथ पालना गरिनुपर्ने आवश्यकता औंल्याएका छन् । उनीहरूले यस्ता घटनाले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष जोखिम निम्त्याउने भएकाले सम्बन्धित नियामक निकायले निष्पक्ष छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने माग गरेका छन् । उक्त होटल यसअघि पनि सरकारी अनुगमनको दायरामा परिसकेको छ ।

असार १९ गते मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा भएको बजार अनुगमनका क्रममा खाद्य सरसफाइ र उपभोक्ता अधिकार सम्बन्धी मापदण्ड उल्लङ्घन गरेको भन्दै होटललाई ३५ हजार रुपैयाँ जरिवाना गरिएको थियो ।

यसअघि कारबाही भइसकेको व्यवसायमा पुनः यस्तै प्रकृतिको गुनासो सार्वजनिक भएपछि खाद्य सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा उपभोक्ता सुरक्षाप्रति सम्बन्धित निकायको भूमिकामाथि पुनः प्रश्न उठ्न थालेको छ ।

# प्रधानाध्यापकले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को साधारण सदस्यता लिएको प्रमाण

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ असार




सार्वजनिक प्रशासन, शिक्षा क्षेत्र र सामुदायिक विद्यालयलाई दलगत राजनीतिक प्रभावबाट मुक्त बनाउने भन्दै सरकारले हालै एकपछि अर्को कडा निर्णय सार्वजनिक गरिरहेको बेला जनकपुरधामको एउटा सामुदायिक विद्यालयका प्रधानाध्यापकले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को साधारण सदस्यता लिएको प्रमाण सार्वजनिक भएपछि सरकारकै नीति र व्यवहारबीच गम्भीर प्रश्न उठेको छ । नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची अन्तर्गत सरकारले सरकारी कर्मचारी, शिक्षक, प्राध्यापक तथा अन्य राष्ट्रसेवकलाई सबै प्रकारका राजनीतिक दल, समूह तथा स्वार्थ केन्द्रसँगको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध अन्त्य गर्न स्पष्ट निर्देशन दिएको थियो ।

सोही कार्ययोजना अनुसार सरकारी कर्मचारीका सबै प्रकारका ट्रेड युनियनसमेत खारेज गरिसकिएका छन् । सरकारले सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त, निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने उद्देश्यले यस्तो नीति अघि सारेको जनाएको थियो । तर, व्यवहारमा भने सोही सरकारको नेतृत्व गरिरहेको दलसँगै विद्यालयका प्रधानाध्यापकको औपचारिक राजनीतिक आबद्धता देखिनु सरकारी प्रतिबद्धतामाथि नै प्रश्न उठाउने विषय बनेको छ ।

रास्वपाको सदस्य बने प्रधानाध्यापकः जनकपुरधाम उपमहानगरपालिका-१ स्थित श्री असर्फी साह आधारभूत विद्यालयमा २०५८ सालदेखि कार्यरत वर्तमान प्रधानाध्यापक राम सिनेही यादवले हालै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को साधारण सदस्यता लिएको प्रमाण फेला परेको छ । उक्त सदस्यताले उनी कुनै राजनीतिक दलसँग औपचारिक रूपमा आबद्ध भएको देखाउँछ । जबकि उनी सामुदायिक विद्यालयका कार्यरत प्रधानाध्यापक हुन् । सार्वजनिक सेवामा कार्यरत शिक्षक तथा प्रधानाध्यापकबाट अपेक्षा गरिने राजनीतिक तटस्थताको मर्मसँग यो विषय प्रत्यक्ष रूपमा जोडिएको छ । कांग्रेसबाट रास्वपासम्मको यात्राः राम सिनेही यादव यसअघि नेपाली कांग्रेस निकट नेपाल शिक्षक संघ धनुषाका अध्यक्षसमेत भइसकेका व्यक्ति हुन् । वर्षौंसम्म कांग्रेसको शिक्षक संगठनको नेतृत्व गरेका यादव अहिले रास्वपाको सदस्य बनेको प्रमाण सार्वजनिक भएपछि शिक्षा क्षेत्रमा दल परिवर्तन भए पनि राजनीतिक सक्रियता भने निरन्तर रहेको देखिएको टिप्पणी हुन थालेको छ । यसले एउटा गम्भीर प्रश्न पनि जन्माएको छ कि सरकारले शिक्षकलाई राजनीतिक दलबाट अलग हुन निर्देशन दिएको हो कि दल परिवर्तन गर्न ? सरकारले केही दिनअघि मात्रै शिक्षा नियमावली ( दशौं संशोधन) स्वीकृत गर्दै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्ने योग्यता र अयोग्यताको दायरा पनि उल्लेखनीय रूपमा कडा बनाएको छ। संशोधित नियमावलीअनुसार अब राजनीतिक दलको सदस्य रहेका व्यक्ति, संस्थागत विद्यालय वा शैक्षिक परामर्श संस्थामा आबद्ध व्यक्ति, विदेशी स्थायी बसोबास अनुमति ( पीआर) लिएका वा आवेदन दिएका व्यक्ति, विभिन्न गम्भीर फौजदारी कसुरमा सजाय पाएका व्यक्ति तथा अन्य तोकिएका अयोग्यता भएका व्यक्तिहरू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न पाउने छैनन् । त्यति मात्र नभई सरकारले सार्वजनिक रूपमा विद्यालय व्यवस्थापन समितिमा अब वडा अध्यक्ष, राजनीतिक नेता तथा दलका सदस्य बस्न नपाउने व्यवस्था लागू गरिएको घोषणा गरिसकेको छ । सरकारको दाबी छ कि विद्यालयलाई राजनीतिक अखडा बन्नबाट रोक्न र शैक्षिक वातावरण सुधार गर्न यी व्यवस्था आवश्यक थिए । तर, जनकपुरधामस्थित सामुदायिक विद्यालयका प्रधानाध्यापकको सक्रिय राजनीतिक सदस्यता सार्वजनिक हुनु अझ गम्भीर विषयका रूपमा हेरिएको छ । विद्यालय व्यवस्थापन समितिमा दलका सदस्य बस्न नपाउने व्यवस्था गर्ने सरकारले विद्यालय सञ्चालनको मुख्य जिम्मेवारीमा रहेका प्रधानाध्यापक नै राजनीतिक दलको सदस्य भएको विषयमा के धारणा राख्छ भन्ने प्रश्न उठेको छ । शिक्षा क्षेत्रका जानकारहरूका अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्षभन्दा प्रधानाध्यापकको भूमिका दैनिक प्रशासन, कर्मचारी परिचालन, विद्यार्थी व्यवस्थापन तथा शैक्षिक नेतृत्वका दृष्टिले अझ प्रभावशाली हुन्छ । यस्तो अवस्थामा प्रधानाध्यापकको दलगत आबद्धताले विद्यालय प्रशासनको निष्पक्षतामाथि प्रश्न उठ्न सक्ने उनीहरूको भनाइ छ। सरकारले सार्वजनिक प्रशासनमा राजनीतिक हस्तक्षेप अन्त्य गर्ने घोषणा गर्दै सरकारी कर्मचारीका ट्रेड युनियन नै खारेज गरिसकेको छ । कार्ययोजनामा स्पष्ट रूपमा राष्ट्रसेवकले कुनै पनि दल, समूह वा स्वार्थ केन्द्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष आबद्धता नराखी जिम्मेवारी निर्वाह

बाँकी पृष्ठ ४ मा ।

सूचना ! सूचना !! सूचना !!!

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

नेपाल विद्युत प्राधिकरण
जनकपुरधाम (क्याम्पस चौक) वितरण केन्द्र
मधेश प्रदेश, धनुषा

पर्यटनलाई प्रवर्द्धन गरौ

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन । यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ । पर्यटक हाम्रा पाहुना हुन । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ ।

मधेश प्रदेश सरकार
उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम धनुषा

# जलेश्वर-४ को सुखदेव मुनि पोखरी: संरक्षणको प्रतीक्षामा ओझेल परेको ऐतिहासिक सम्पदा



- जलेश्वर नगरपालिका वडा नं. ४ अन्तर्गत रहेको सुखदेव मुनि पोखरी आज संरक्षणको अभावमा आफ्नो ऐतिहासिक, धार्मिक, शैक्षिक र पर्यावरणीय महत्व गुमाउँदै गएको छ । स्थानीयवासीका अनुसार विद्यालयको क्षेत्राधिकारभित्र पर्ने यो पोखरी केवल पानीको स्रोत मात्र होइन, यस क्षेत्रको ऐतिहासिक पहिचान, सांस्कृतिक विरासत र प्राकृतिक सम्पदाको महत्वपूर्ण धरोहर हो। तर यसको वर्तमान अवस्था हेर्दा सम्बन्धित निकायको उदासीनता स्पष्ट देखिन्छ। स्थलगत रूपमा देखिने दृश्य निकै दुःखद छ ।

पोखरीभित्र र वरपर झारपात, पातपतिङ्गर, निर्माण सामग्री, ढुङ्गा, बालुवा, दाउरा, कबाडी सामान, गाईवस्तुको गोबर तथा अन्य फोहोर थुप्रिएको छ। कतिपय स्थानमा मानव मलमूत्रका कारण वातावरण नै प्रदूषित भएको देखिन्छ । यति महत्वपूर्ण सार्वजनिक सम्पदा यसरी उपेक्षित हुनु स्थानीय सरकारको विकास दृष्टिकोणमाथि नै प्रश्न उठाउने विषय बनेको छ । स्थानीयवासीहरूका अनुसार सुखदेव मुनि पोखरीको संरक्षण तथा सौन्दर्यीकरणका लागि विभिन्न समयमा संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन हुँदै आएको छ। तर स्थलगत अवस्थाले ती बजेटको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

सार्वजनिक स्रोतबाट खर्च भएको रकमले वास्तविक रूपमा के उपलब्धि दियो? कुन योजना कार्यान्वयन भयो? त्यसको सार्वजनिक प्रतिवेदन किन देखिँदैन? यी प्रश्नको पारदर्शी उत्तर दिन सम्बन्धित निकाय बाध्य हुनुपर्छ ।

यो पोखरी विद्यालयको क्षेत्राधिकारभित्र रहेको बताइने भएकाले विद्यालय व्यवस्थापन, जलेश्वर नगरपालिका, वडा कार्यालय तथा सम्बन्धित सरकारी निकायबीच स्पष्ट जिम्मेवारी निर्धारण आवश्यक छ। स्वामित्व र व्यवस्थापनको अन्योलका कारण सार्वजनिक सम्पदा उपेक्षित हुने अवस्था अब अन्त्य हुनुपर्छ ।

सुखदेव मुनि पोखरीलाई योजनाबद्ध रूपमा विकास गर्ने हो भने यो मधेश प्रदेशकै उत्कृष्ट धार्मिक, सांस्कृतिक, शैक्षिक तथा पर्यटकीय गन्तव्य बन्न सक्छ। पोखरी वरिपरि आकर्षक प्रवेशद्वार, सुरक्षित घेराबार, हरियालीयुक्त पैदलमार्ग, विश्रामस्थल, शीतल छहारी, बस्ने बेन्च, आधुनिक प्रकाश व्यवस्था, नियमित सरसफाइ, खुला व्यायाम स्थल, योग तथा ध्यान केन्द्र निर्माण गर्न सकिन्छ। विद्यार्थीहरूका लागि वातावरणीय अध्ययनस्थल, ज्येष्ठ नागरिकका लागि सामाजिक भेटघाट स्थल तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने नमुना सार्वजनिक पार्कका रूपमा यसको विकास सम्भव छ ।

प्राकृतिक सम्पदाको संरक्षण सभ्य समाजको परिचय हो। विकास भनेको सडक र भवन मात्र होइन; सार्वजनिक पोखरी, ताल, वन, खुला क्षेत्र र सांस्कृतिक सम्पदाको संरक्षण पनि विकासको अभिन्न पक्ष हो। सुखदेव मुनि पोखरीको वर्तमान अवस्था भने योजनाको अभाव, कमजोर कार्यान्वयन र सार्वजनिक उत्तरदायित्वको कमीको प्रतिविम्ब बनेको छ । अब जलेश्वर नगरपालिका, वडा नं. ४, विद्यालय व्यवस्थापन, प्रदेश सरकार र संघीय सरकारले यस विषयलाई प्राथमिकतामा राख्नुपर्छ । सर्वप्रथम पोखरीको वास्तविक अवस्था, अतिक्रमण तथा विगतमा भएका खर्चको प्राविधिक र आर्थिक समीक्षा गरी सार्वजनिक गर्नुपर्छ । त्यसपछि दीर्घकालीन गुरुयोजना तयार गरी पोखरीको संरक्षण, पुनर्जीवन, सौन्दर्यीकरण र व्यवस्थित सञ्चालनका लागि समयबद्ध कार्ययोजना लागू गर्नुपर्छ । सुखदेव मुनि पोखरी कुनै एक संस्थाको मात्र सम्पत्ति होइन; यो सम्पूर्ण जलेश्वरको साझा गौरव हो। यसको संरक्षण गर्नु वातावरण संरक्षण, सांस्कृतिक पहिचानको रक्षा, भावी पुस्ताप्रतिको दायित्व र सुशासनको परीक्षासमेत हो । अब प्रश्न केवल एउटा पोखरीको होइन, सार्वजनिक सम्पदाप्रतिको राज्यको जिम्मेवारीको हो। यदि आजैदेखि संरक्षणको ठोस अभियान सुरु भएन भने भोलिका पुस्ताले इतिहासका पानामा मात्र सुखदेव मुनि पोखरीको नाम पढ्ने अवस्था आउन सक्छ। त्यसैले सम्बन्धित सबै निकायले तत्काल प्रभावकारी पहल गरी यस ऐतिहासिक सम्पदालाई पुनर्जीवित गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

# श्री गोगल नमूना माविको विज्ञान शिक्षामा नयाँ ऊर्जा,२५ छात्रालाई छात्रवृत्ति

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २६ असार




धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२४ स्थित श्री गोगल प्रसाद नमूना माध्यमिक विद्यालयमा विज्ञान विषय प्रवर्द्धन कार्यक्रम अन्तर्गत छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न भएको छ। शैक्षिक सत्र २०८३ मा कक्षा ११ र १२ विज्ञान संकायमा अध्ययनरत कुल २५ जना छात्रालाई जनही रु. १० हजारका दरले छात्रवृत्ति प्रदान गरिएको हो। विज्ञान शिक्षाप्रति विद्यार्थीको आकर्षण बढाउने, अध्ययनमा निरन्तरता कायम राख्ने तथा जेहेन्दार एवं आर्थिक रूपमा कमजोर विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले छात्रवृत्ति वितरण गरिएको विद्यालयले जनाएको छ ।

कार्यक्रमको अध्यक्षता जनकपुरधाम उपमहानगरपालिका -२४ का वडा अध्यक्ष शेषनाथ मण्डलले गर्नुभएको थियो। प्रमुख अतिथिका रूपमा शिक्षा विकास तथा समन्वय इकाइ धनुषाका प्रमुख प्रताप सिंह धामी सहभागी हुनुहुन्थ्यो।धामीले विज्ञान शिक्षा मुलुकको विकास र समृद्धिको प्रमुख आधार भएको उल्लेख गर्दै छात्रवृत्तिले विद्यार्थीमा आत्मविश्वास, प्रतिस्पर्धात्मक क्षमता र अध्ययनप्रतिको लगाव बढाउने विश्वास व्यक्त गरे। उनले आर्थिक अभावका कारण कुनै पनि विद्यार्थीको पढाइ रोकिन नहुने भन्दै यस्ता कार्यक्रमले प्रतिभाशाली विद्यार्थीलाई अघि बढ्न थप ऊर्जा प्रदान गर्ने बताए। वहाले विज्ञान तथा प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन आजको आवश्यकता रहेको उल्लेख गर्दै विद्यार्थीलाई अनुशासित, मेहनती र सिर्जनशील भएर अध्ययन गर्न आग्रह गरे। उनले प्राप्त अवसरको सदुपयोग गर्दै समाज र राष्ट्रको विकासमा योगदान पुर्‍याउने नागरिक बन्न विद्यार्थीलाई प्रेरित गरे । त्यसैगरी कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा शाखा प्रमुख अञ्जु पाण्डे, वडा सदस्य शान्ति देवी र गायत्री ठाकुर, विद्यालयका प्रधानाध्यापक महावीर दास, सहायक प्रधानाध्यापक राजनारायण मण्डल तथा कक्षा ११-१२ संयोजक मुकेश कुमार यादवलगायतको उपस्थिति रहेको थियो । त्यस्तै अन्य वक्ताहरूले पनि गुणस्तरीय विज्ञान शिक्षाको विकासका लागि यस्ता छात्रवृत्ति कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गर्दै विद्यार्थीलाई लगनशीलतापूर्वक अध्ययन गरी समाज र राष्ट्रको विकासमा योगदान पुर्‍याउन आग्रह गरेका थिए ।

## प्रधानाध्यापकले राष्ट्रिय........................

गर्नुपर्ने उल्लेख छ। यस्तो अवस्थामा सरकारी विद्यालयका प्रधानाध्यापकले औपचारिक रूपमा राजनीतिक दलको सदस्यता लिनु सरकारी नीतिको भावना विपरीत हो वा होइन भन्ने विषयमा शिक्षा मन्त्रालय, स्थानीय तह तथा सम्बन्धित निकायले स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने माग उठ्न थालेको छ । सरकारले विद्यालयमा राजनीतिक प्रभाव अन्त्य गर्ने घोषणा गर्दै एकातिर विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि कडा मापदण्ड लागू गरिरहेको छ भने अर्कोतर्फ कार्यरत प्रधानाध्यापकको राजनीतिक सदस्यताबारे मौन बस्नु दोहोरो मापदण्ड भएको टिप्पणी हुन थालेको छ । रास्वपाले आफूलाई सुशासन, पारदर्शिता र पुराना राजनीतिक संस्कारको विकल्पका रूपमा प्रस्तुत गर्दै आएको अवस्थामा आफ्नै दलमा कार्यरत प्रधानाध्यापकलाई सदस्यता दिइएको विषयले नैतिक प्रश्नसमेत खडा गरेको छ ।

## लिक्विडेटर सुचना

**दर्ता नः-** २६८४७५

**दर्ता मितिः-** २०७८-०५-०१

**कम्पनीको नामः-** सेठ सिटी सेन्टर (प्रा. लि.)

**लिक्विडेटर नामः-** अर्जुन कोईराला

**विशेष साधारण सभाः-** २०८३/०३/२३

**इजाजत पत्र नं.-** १७१

**फोन नं.-**९८४११४१६१७


“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

सूचना । सूचना ।। सूचना ।।।

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं । राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं ।

घरेलु तथा साना उद्योग कार्यालय
जलेश्वर महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday